नगर कार्यपालिकाबाट स्वीकृत मिति :२०८२।०१ ।२१

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१" मा रहेको तह/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी पर्सागढी नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "ऐन" भन्नाले मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले पर्सागढी नगरपालिकाको कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

ग) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

घ) "कार्यालय/नगरपालिका" भन्नाले पर्सागढी नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्सागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन- २०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "तह/स्तर वृद्धि" भन्नाले ऐनको दफा ४ दफा ८ र दफा २९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

CS CamScanner